# बेलौरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बेलौरी, कञ्चनपुर

प.सं.: २०८१/०८२
च.नं.:

सुदूरपश्चिम प्रदेश, नेपाल


मिति: २०८१/१०/३०
ने.सं.११४५ सिल्लाथ्व, १५ बुधबार

**श्री वडा कार्यालय, सबै**
बेलौरी नगरपालिका नगरकार्यपालिकाको कार्यालय
बेलौरी, कञ्चनपुर।

**विषय : आगामी आ.व. २०८२/०८३ का लागि बेरोजगार व्यक्ति सूची दर्ता सम्बन्धमा।**

नेपाल सरकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यान्वयनमा रहेको रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११ , रोजगारीको हक सम्बन्धी नियमावली २०७७ को नियम ७ प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ ( दोस्रो संशोधन २०७८ सहित) को दफा १८ (१) को आधारमा आगामी आ.व.२०८२/०८३ मा यस नगरपालिकाको रोजगार सेवा केन्द्रको समुन्वयमा प्रदान गरिने १०० दिनको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणमा योगदान गर्न चाहने आर्थिक तथा सामाजिक अवसरबाट पछाडी परेका ईच्छुक बेरोजगार व्यक्तिले आफु बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा यहि फागुन १ गते देखि निवेदन दिनुपर्ने व्यवस्था भएकोकाले बेरोजगार व्यक्तिहरुले २०८१ फागुन मसान्त सम्म निवेदन दिई सूचीकृत हुन तपसील बमोजिमका कागजात सहित आवेदन फारम भर्न हुन र नगरपालिका अन्तगर्तका सबै वडा कार्यालयहरुले सूचना प्रकाशनका गरि निवेदन संकलन गरिदिन हुन अनुरोध छ।

बेरोजगार व्यक्तिले सूचीकरणको लागि दिनुपर्ने निवेदनको ढाँचा सबै वडा कार्यालयमा उपलब्ध हुनका साथै यस कार्यक्रमका बारेमा विस्तृत जानकारीका लागि बेलौरी नगरपालिका, रोजगार सेवा केन्द्र र प्रधानमन्त्री रोजगार कार्यक्रम को वेभसाइट www.pmep.gov.np बाट प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराईन्छ।

**न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक मापदण्ड**

- एक आर्थिक बर्षमा न्यूनतम एक सय दिनको रोजगारीमा संलग्न नभएको
- १८-५९ बर्ष उमेर समूहको, गरिब, विपन्न व्यक्ती
- एक आर्थिक बर्षमा स्वरोजगारमा संलग्न भई नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आय भन्दा कम आय भएको

**तपसिल :-**

- निवेदकको नागरिकताको प्रतिलिपि
- पासपोर्ट साईजको फोटो १
- फारममा उल्लेख गरिने परिवार संख्याको नागरिकता प्रतिलिपि / नागरिकता नलिएको हकमा जन्मदर्ता
- निवेदनले कुनै सिपमुलक तालिम लिएको भए सो तालिमको प्रमाण पत्रको प्रतिलिपि
- यथार्थपरक र पूर्ण विवरण उपलब्ध गराउन पर्ने /अपुर्ण, रितपूर्वक भरि नआएका आवेदन फारम स्वत: रद्ध हुनेछन्।

२०८१/१०/३०



Phone:99-580215/ 580083 Fax:099-580083 Email: belaurimunicipality@gmail.com website: www.belaurimun.gov.np